परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ३३९ पृष्ठ ४ २०८२ असोज ६ गते, सोमबार 22 September, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# चुरे संरक्षणका लागि नयाँ संगठन, आन्दोलनको चेतावनी




● टक नेपाल

चुरे तथा वनजंगल संरक्षण अभियान अन्तर्गत नयाँ संगठन गठन गरिएको छ। 'जेडयुथ फर नेचर' नाम दिइएको संगठनमा सम्पूर्ण व्यक्ति सदस्य रहने व्यवस्था गरिएको छ भने विभिन्न कार्यक्रमका लागि संयोजक मात्र तोकिने प्रावधान गरिएको छ।

शनिबार जनकपुरधामको नेपाल पत्रकार महासंघ धनुषाको कार्यकक्षमा पत्रकार सम्मेलनको आयोजना गर्दै संगठनले देशको वर्तमान अवस्थामा चुरे तथा वनजंगल संरक्षणसम्बन्धी मुद्दाप्रति सरकारले देखाएको असंवेदनशीलता, भ्रष्टाचार र कुशासनका कारण युवाहरूमा गहिरो असन्तोष उत्पन्न भएको जनाएको छ।

यस्तै, विगतमा पटक-पटक उठाइएका मागहरूप्रति सम्बद्ध निकायले ध्यान नदिएको गुनासो गर्दै संगठनले प्रदेशमा अन्तरिम सरकार गठन गरी सानो मन्त्रीपरिषद् विस्तार गर्नुपर्ने, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र मुख्यमन्त्रीको व्यवस्था गर्नुपर्ने, स्थानीय तहको निर्वाचन गैर-दलीय आधारमा हुनुपर्ने जस्ता राजनीतिक मागहरू अघि सारेको छ।

यसबाहेक, संगठनले चुरे-भावर क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गर्न, प्राकृतिक स्रोत-साधनको दोहन तत्काल रोक्न, चुरे क्षेत्रका नदीहरूमा चरणबद्ध रूपमा चेक ड्याम निर्माण गर्न र चुरे वनजंगलको संरक्षणका लागि विशेष फोर्स गठन गरी त्यसलाई डिभिजन वन कार्यालय अन्तर्गत राख्नुपर्ने आवश्यकता औँल्याएको छ।

मागहरू चाँडोभन्दा चाँडो सम्बोधन नगरिएमा आफूहरू भ्रष्टतन्त्रविरुद्ध प्रतिकार आन्दोलनमा उत्रन बाध्य हुने संगठनले चेतावनी दिएको छ। साथै, जेन जी पुस्ताले उठाएका सम्पूर्ण जायज मागहरूलाई समर्थन गर्ने निर्णय गरिएको स्पष्ट पारेको छ। सो अवसरमा २३ र २४ गते शहादत प्राप्त गरेका युवा विद्यार्थीहरूलाई श्रद्धाञ्जली समेत अर्पण गरिएको थियो।

## जलेश्वर कारागारबाट भागेका २३३ कैदीबन्दी फर्किए




गत भदौ २४ गते जेनजीद्वारा गरिएको प्रदर्शनपछि उत्पन्न परिस्थितिका कारण यहाँको जिल्ला कारागार जलेश्वरबाट भागेका कैदीमध्ये २३३ जना फर्किएका छन्। कारागारबाट भागेका पाँच सय ७६ कैदीबन्दीमध्ये तीन सय ४३ जना अझै फर्किएका छैनन्।

सङ्घीय राजधानी काठमाडौँसहित देशभरि जेनजीको प्रदर्शन चलिरहेको बेला भदौ २४ गते मङ्गलबार राति करिब ७ बजे जलेश्वर कारागारमा कैदीबन्दी भई बस्दै आएका ४० भारतीयसहित सबै पाँच सय ७६ जना कैदी फरार भएका कारागारका जेलर अशोक क्षेत्रीले जानकारी दिनुभयो। उहाँका अनुसार आज बिहानसम्म दुई सय ३३ जना कैदीबन्दी फर्केर आएका छन्।

कैदीबन्दी फरार भएको भोलिपल्टै भदौ २५ गत कारागार प्रशासनले फरार कैदीबन्दीलाई फर्किन आह्वान गरेपछि आज बिहानसम्म दुई सय ३३ जना आइसकेका जनाउँदै अझै आउने क्रम पनि जारी रहेको क्षेत्रीले बताउनुभयो। जलेश्वर कारागारबाट भागेकामध्ये १२ जना कैदीबन्दीलाई भारततर्फ जाँदै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राउ गरी पुनः कारागार फर्काउन मद्दत गरेका उहाँको भनाइ छ।

बाँकी कैदीबन्दी आफैँ कारागारमा फर्किएका हुन्। जेनजीको प्रदर्शन चलिरहेको बेला भदौ २४ गते मङ्गलबार राति करिब ५०० को सङ्ख्यामा आएका प्रदर्शनकारीले आफूलाई जेनजी भन्दै कारागार कार्यालयका तीन तहका ढोका फुटाएर सबै कैदीबन्दीलाई भगाएका जेलर क्षेत्रीले जानकारी दिनुभयो।

जेनजीको प्रदर्शनको आडमा जलेश्वर कारागारबाट भागेका र अझै पनि नआएका तीन सय ४३ कैदीबन्दीलाई जिल्लाको तीनै तहका सुरक्षाकर्मी परिचालन गरी खो









पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### निर्णायक मोडमा नेपाल

नेपाल आज निर्णायक दोबाटोमा उभिएको छ यहाँ केवल चुनावी प्रक्रियालाई औपचारिक रूपमा सञ्चालन गरिए पनि वास्तविक सत्ता कब्जा गने खेल नियन्त्रित लोकतन्त्र वा अर्ध सामन्ती अभ्यासमार्फत चलाइएको छ। ठूला दलहरू आन्तरिक गठबन्धन र भूराजनीतिक सन्तुलन मिलाउँदै जनताको विश्वास गुमाउँदै गएका छन्।

हजारौं वर्षदेखि शक्तिको टकराबमा परिरहेको नेपाल अझै पनि अस्थिरताको छायामा छ। अन्तर ाष्ट्रिय शक्तिहरूले यसलाई बफर जोनका रूपमा प्रयोग गर्ने रणनीति लिइरहेका छन्। विशेषतः चीन–भारतबीचको २+१ मोडलले नेपालजस्ता साना मुलुकको स्वतन्त्र निर्णयक्षमता सीमित बनाएको छ तर नेपाली शासकहरू आफ्नो व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिँदै विश्वासिलो कूटनीतिक भूमिका निर्वाह गर्न असफल भइरहेका छन्।

सात दशकदेखि उदारवाद र मार्क्सवादको अधुरो अभ्यासले समाजका वास्तविक अन्तर्विरो धलाई सम्बोधन गर्न सकेन। फलस्वरूप भ्रष्टाचार, कुशासन र वैचारिक शून्यता निरन्तर जारी रह्यो। नयाँ भनिएका युवा नेताहरू पनि केवल सुशासन र समृद्धिको रटानमै सीमित देखिन्छन्, तर वैकल्पिक दर्शन वा समाज रूपान्तरणको खाका प्रस्तुत गर्न असमर्थ छन्।

अबको राजनीतिक सङ्घर्ष केवल सत्ता र प्रतिपक्षबिचको होइन, समाज रूपान्तरणको गहिरो प्रश्न हो। नियन्त्रित लोकतन्त्रले के ही समय अल्पकालीन स्थिरता दिन सक्छ तर दीर्घकालमा मुलुकलाई अझ कमजोर बनाउनेछ। त्यसैले नेपालले अब नयाँ सामाजिक संघे षण, वैकल्पिक विचार र उत्तरदायी राज्यकला खोज्नैपर्ने अवस्था आएको छ। समृद्ध नेपालको भविष्य यही बाटोबाट मात्र सम्भव छ।

# राजीनामा होइन, सामना गर्ने तयारी

• टक नेपाल



जनमत पार्टीले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिए पनि जनमत पार्टीबाटै मुख्यमन्त्री बन्नुभएका सतीशकुमार सिंहले शनिबारसम्म राजीनामा दिनुभएको छैन । मुख्यमन्त्री सिंहलाई जनमत पार्टी संसदीय दल मधेश प्रदेशका नेता महेशकुमार यादवसहित प्रतिपक्षी दलका नेताले समेत राजीनामाका लागि दवाब दिइरहँदा पनि मुख्यमन्त्री सिंह राजीनामा दिने पक्षमा देखिनुभएको छैन । सञ्चारकर्मीसँगको कुराकानीमा उहाँले जेनजी आन्दोलनका क्रममा देशको अवस्थालाई हेरे मधेश प्रदेशको परिस्थितिलाई साम्य पार्नका लागि आफूले तत्काल सामाजिक सञ्जालमा राजीनामा गरे पनि पछि उत्पन्न परिस्थितिमा सङ्घीयतालाई जोगाउनका लागि प्रदेश प्रमुखसमक्ष राजीनामा नगरेको बताउनुभयो । उहाँले जनमत पार्टीले समर्थन फिर्ता लिएपछि उत्पन्न परिस्थितिलाई प्रदेश सभामै सामना गर्ने तयारी रहेको बताउनुभयो । मुख्यमन्त्री सिंहले यस प्रकारको प्रतिक्रिया दिएपछि जनमत पार्टी संसदीय दल मधेश प्रदेशका नेता महेश यादवले जनमत पार्टीबाटै मुख्यमन्त्री बन्नुभएका सिंहले पार्टीसँगै पौंठेजोरी खेल्नु ठिक नभएको सञ्चारकर्मीलाई प्रतिक्रिया दिनुभएको छ । उहाँले मधेश सरकारलाई दिएको समर्थन फिर्ता लिनुका साथसाथै जनमत पार्टीबाट सरकारमा सहभागी मुख्यमन्त्रीसहितका मन्त्रीलाई पार्टीले फिर्ता बोलाएपछि दुई मन्त्री फिर्ता आए पनि मुख्यमन्त्रीले पार्टीसँग पौंठेजोरी खेल्न खोजेको बताउनुभयो । उहाँले यस विषयमा पार्टीले मुख्यमन्त्रीलाई तीन दिनको समय सिमा दिएर स्पष्टीकरण माग गरिसकेको भन्दै शनिबार स्पष्टीकरणको समयसीमा सकिन लागेको र कारणसहितको जवाफ आएपछि पार्टीको सल्लाहमा दलसम्बन्धी व्यवस्था अनुसार आगामीको कारबाही प्रक्रिया अगाडि बढाइने बताउनुभयो ।

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले सत्ता साझेदार कुनै पनि पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको खण्डमा फिर्ता लिएको मितिबाट ३० दिनभित्रमा सरकार प्रमुखले विश्वासको मत लिनुपने कानुनी व्यवस्था रहेको भन्दै मुख्यमन्त्री सतीशकुमार सिंहको सवालमा उहाँको दलले कुन किसिमले प्रक्रिया चाल्छ, त्यस अनुसार प्रदेश सभा अगाडि बढ्ने बताउनुभयो । सभामुख मण्डलले राजनीतिक दलसम्बन्धी ऐनमा धारा १८, २८, ३०, ३१, ३२ र ३६ मा वर्तमान परिस्थितिको व्यवस्था गरिएको भन्दै यस धारा अनुसार कारबाही गरिएको छ कि छैन भने विषयलाई ध्यानमा राखेर प्रदेश सभा सचिवालयले आफ्नो प्रक्रियालाई अगाडि बढाउने प्रतिक्रिया दिनुभयो ।

प्रदेश प्रमुखका स्वकीय सचिव टीकाराम उप्रेतीले प्रदेश प्रमुखसँग मुख्यमन्त्रीको नियुक्ति र राजीनामा स्वीकृत गर्ने अधिकार भएको भन्दै मुख्यमन्त्रीको विश्वासको मतको सन्दर्भमा प्रदेश सभाले नै टुङ्गो गरेर प्रदेश प्रमुखको कार्यालयमा सिफारिस गरेपछि प्रदेश प्रमुखले प्रमाणीकरण गर्ने अधिकार मात्रै भएको बताउनुभयो ।












# दुर्गा पक्ष सुरु : बडादसैँको रौनक, आज घरघरमा घटस्थापना गरिँदै

● टक नेपाल

प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि सुरु हुने हिन्दुहरूको महान् पर्व बडा दसैं आज (सोमबार)देखि प्रारम्भ भएको छ।

यो पर्व आश्विन शुक्ल पूर्णिमासम्म १५ दिन धूमधामका साथ मनाउने गरिन्छ। बडा दसैंको पहिलो दिन आज घरघरमा विधिपूर्वक दियो, कलश र गणेश स्थापनासहित घटस्थापना गरिन्छ । पूजा कोठा वा दसैं घरमा वैदिक विधि पूर्वक शक्तिकी अधिष्ठात्री देवी दुर्गाको आह्वान गरी पूजा आरम्भ हुन्छ।



आज बिहानै नित्य कर्म समाप्त गरी नजिकको नदी वा चोखो स्थलबाट बालुवा वा माटो ल्याई गाईको गोबरले लिपपोत गरिएको पूजा कोठा अथवा दसैं घरमा विधिपूर्पक राखेर त्यसमाथि यव अर्थात् जौ रोप्ने गरिन्छ । यस कार्यलाई जमरा राख्ने पनि भनिन्छ। यव अङ्कुर दुर्गा देवीको प्रिय वस्तु भएकाले आज यव रोपण गरी दुर्गालाई चढाएर विजयादशमीको दिन टीका प्रसादसितै समृद्धिको प्रतीक पहैंलो जमरा पनि ग्रहण गरिन्छ ।

जमरामा जौ बाहेक अरु अन्न रोप्ने शास्त्रीय विधि नभएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा डा देवमणि भट्टराई बताउनुहुन्छ। कुल परम्परा अनुसार कसैले अन्य अन्न पनि जौसितै रोप्ने गरेका छन्। जमरालाई आयुर्वेदिक औषधीका रूपमा समेत प्रयोग गरिन्छ।

घटस्थापनाको साइत ९:१३ बजे

आजैका दिन विधिपूर्वक घट अर्थात् घडा स्थापना गरी त्यही घडामाथि शक्तिस्वरुपा दुर्गाको पूजा आराधना गरिने भएकाले आजको दिनलाई घटस्थापना भन्ने गरिएको हो। आज स्थापना गरिएको पूर्ण कलशको जलले अभिषेक गरी विजया दशमीका दिनमा दुर्गा देवीको प्रसाद ग्रहण गर्ने गरिन्छ ।

आज घटस्थापनाको साइत बिहान ९:१३ बजे रहेको समितिले जनाएको छ। सूर्योदयकालमा प्रतिपदा भएका दिनमा घटस्थापना गर्नुपर्छ भन्ने शास्त्रीय मान्यता अनुसार नै समितिले आजको दिनलाई घटस्थापना भनी निर्णय गरेको समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले रासससलाई जानकारी दिनुभयो ।

दुर्गा देवीका तीनवटा रुप महाकाली, महालक्ष्मी र महासरस्वतीको नवरात्रभर विधिपूर्वक आह्वान गरी पूजा आराधना गरिन्छ। महाकाली शक्तिको प्रतीक, महालक्ष्मी धनधान्य र ऐश्वर्यको प्रतीक र महासरस्वतीलाई विद्या र बुद्धिको प्रतीकको रूपमा पूजा आराधना गर्ने वैदिककालदेखिको परम्परा छ।

दुर्गाले आसुरी प्रवृत्तिको प्रतीकको रूपमा रहेका चण्ड, मुण्ड, शुम्भ, निशुम्भ र रक्तवीज लगायतका राक्षसलाई वध गर्न लिएका नौवटा रुपको दुर्गा पक्षका अवसरमा बिशेष पूजा, आजा र आराधना गर्ने गरिन्छ। आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्मको १५ दिनलाई दुर्गा पक्ष पनि भनिन्छ।

नौ दिन नौ दुर्गाको पूजा

यो पक्षको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौँ दिन कालरात्री, आठौँ दिन महागौरी, र नवौँ दिन सिद्धिदात्री देवीको पूजा आराधना गर्ने गरिन्छ। यिनै नौवटा दुर्गाका रुपलाई नवदुर्गा भन्ने गरिन्छ।

आसुरी एवम् राक्षसी प्रवृत्तिबाट मानवलाई जोगाएकाले समस्त मानव जातिले नै दुर्गादेवीको पूजा आराधना गर्ने शास्त्रीय नियम छ । दुर्गा पूजा र दसैं पर्व कुनै जात एवम् धर्म विशेषको नभएको शास्त्रीय प्रमाण रहेको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ। दसैं पर्वलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रूपमा मनाउने गरिन्छ।

दुर्गाको प्रतीकका रूपमा आजको दिनदेखि महानवमीसम्म प्रत्येक दिन छुट्टाछुट्टै गरी नौवटी कन्याको पूजा समेत गर्ने गरिन्छ। यसरी पूजा गरिने कन्या दुई वर्ष।माथिका हुनुपर्ने शास्त्रीय विधान छ।

बडादसैँको सातौँ दिन धार्मिक विधिअनुसार फूलपाती भित्र्याइन्छ। महाअष्टमी र महानवमीका दिन बलि पूजा गर्नेहरूले दसैं घर, कोत र शक्तिपीठमा बलिसहित विशष पूजा गर्छन्।

नवरात्रभर दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवत र अन्य देवी स्तोत्र एवं स्तुतिको पाठ पारायण पनि गर्ने गरिन्छ । यस अवसरमा गुह्येश्वरी, मैतीदेवी, नक्साल भगवती, शोभा भगवती, नाला भगवती र पलाञ्चोक भगवती लगायत देशभरका शक्तिपीठमा पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको घुइँचो समेत हुनेगर्छ।

विजयादशमीको साइत असोज १६ गते बिहान ११:५३ बजे

नवरात्र भनेरसमेत चिनिने दसैं नौ रात र दश दिनको हुने गरेकामा यस वर्ष १० रात र ११ दिनको हुन पुगेको छ। तिथिको घटबढका कारण यस्तो परेकाले यस्तो अवस्थामा खापेर पूजा र पाठ गरी देवीको आराधना गर्नुपर्ने तन्त्र विषयका पुस्तकमा लेखिएको समितिका पूर्वअध्यक्ष प्राश्रीकृष्ण अधिकारीले बताउनुभयो ।

आज विधिपूर्वक घर घरमा आह्वान गरी पूजा आराधना गरिने दुर्गा देवीलाई असोज १६ गते विजयादशमीका दिन विसर्जन गरी मान्यजनबाट प्रसादका रूपमा टीका, जमरा र फूलप्रसाद ग्रहण गर्ने गरिन्छ।

असोज १६ गते देवी विसर्जनको साइत बिहान ९:२३ बजे रहेको समितिले जनाएको छ। टीकाप्रसाद ग्रहण गर्न साइत खोज्नेका लागि भने ११:५३ बजेको साइत उत्तम छ। विजयादशमीदेखि कोजाग्रत पूर्णिमामा अखिल बलि पूर्ति नभएसम्म देवीको प्रसाद लगाउने शास्त्रीय विधि छ।

विजया दशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म आफ्ना मान्यजनबाट देवीको प्रसाद र आशीर्वाद ग्रहण गरिन्छ। पूर्णिमाका दिन धनधान्यकी प्रतीक महालक्ष्मीको व्रत बसी रात्रीमा जाग्राम रहेर पूजा लगाइ धन ऐश्वर्य प्राप्तिको कामना गर्ने गरिन्छ। यस दिन जाग्राम बस्ने मानिसलाई लक्ष्मीले धन धान्य दिई सम्पन्न बनाइदिने धार्मिक विश्वास छ। आजको दिन घटस्थापना गरेर राखेको जमरा कोजाग्रत पूर्णिमाकै दिन चोखो स्थानमा लगी विसर्जन गरिन्छ।

हनुमानढोकाको दसैं घरमा विशेष पूजा

परम्पराअनुसार काठमाडौँको हनुमानढोका दरबारमा रहेको दसैं घरमा आजैदेखि वैदिक विधिअनुसार जमरा राखी शक्तिस्वरुपा दुर्गा देवीको पूजा आराधना सुरु हुन्छ । आज बिहान वैदिक विधिपूर्वक समितिले दिएको साइतमा घटस्थापना गरिने हनुमानढोका दरबार हेरचाह अड्डाका कार्यालय प्रमुख काजीमान प्याकुरेलले बताउनुभयो।

दसैंघरमा घटस्थापनापछि दैनिक बलि दिई विधिपूर्वक पूजा आराधना गरिन्छ । महानवमीका दिन हनुमानढोकाको कोतमा ५४ बोका र ५४ राँगासहितको बलि दिइन्छ।

रोजगारी, अध्ययन एवं अन्य काम विशेषले आफ्नो घर बाहिर रहेका मानिस दसैंको अवसर पारेर घर फर्कने र परिवारका साथ बसेर महान् पर्व मनाउँछन्। यसैले बडादसैंलाई पारिवारिक पुनर्मिलनको पर्वका रूपमा समेत लिइन्छ। धेरैजसो शैक्षिक संस्थाले दसैंका अवसरमा आजैदेखि बिदा दिने गरेका छन्। रासस









# लागुऔषधसहित युवक पक्राउ




टक नेपाल

लागुऔषध नियन्त्रण ब्युरो, शाखा कार्यालय बर्दिबासले विशेष सूचनाको आधारमा गरेको चेकजाँचमा एक युवक पक्राउ परेका छन्।

शनिबार बिहान करिब ८:४५ बजे बर्दिबास नगरपालिका - ३ गौरीडाँडा स्थित अस्थायी ट्राफिक प्रहरी पोस्ट नजिकैको वीपी राजमार्गमा प्रनानी सरोज कुमार अधिकारीको कमाण्डमा रहेको संयुक्त प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा अवैध लागुऔषध (ब्राउन सुगर/खैरो हिरोइन) सहित एक युवकलाई नियन्त्रणमा लिएको हो।

गाईघाटबाट काठमाडौंतर्फ जाँदै गरेको बा.५ ख १८९८ नम्बरको हायस गाडीमा सवार सिराहा मिचौया नगरपालिका - ६ निवासी २४ वर्षीय रोहित महतो (ना.प्र.प.नं. १५-०१-७९-०३१७४) को साथबाट उक्त लागुऔषध बरामद गरिएको प्रहरीले जनाएको छ।

महतो चालक साइडमा बसिरहेका अवस्थामा चेकजाँच गर्दा, उनले साथमा बोकेको खैरो रंगको हाफकट्टु भित्र सेतो प्लास्टिकमा र्याप गरेर लुकाइ-छिपाइ गरिएको अवस्थामा लागुऔषध फेला परेको थियो। बरामद पदार्थको तौल डिजिटल तराजुमा नाप्दा प्लास्टिकसहित १०२ ग्राम २५० मिलिग्राम र प्लास्टिक बाहेक शुद्ध ९७ ग्राम १६० मिलिग्राम रहेको पुष्टि भएको प्रहरीले जानकारी दिएको छ।

# अपाङ्गता भएकाहरुको जीवनमा सकारात्मक परिवर्तन

टक नेपाल



धनुषाको तीन पालिकामा सञ्चालित समावेशी जलवायु उत्थानशील सामुदायिक विकास परियोजनाले अपाङ्गता भएका व्यक्तिहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याएको परियोजनाको सामाजिक परीक्षण कार्यक्रममा सहभागीहरुले बताएका छन्।

अस्ट्रेलियन ऐड र सिविएमको आर्थिक एवम प्राविधिक सहयोगमा लाइफ नेपाल र अपाङ्ग समाज जनकपुरधामको सहकार्यमा सञ्चालित उक्त परियोजनाको आइतबार जनकपुरधाममा भएको सामाजिक परीक्षण कार्यक्रममा सहभागीहरुले धनुषाको जनकपुरधाम उपमहानगरपालिका, मिथिला विहारी नगरपालिका र औरही गाउँपालिकामा सो परियोजना सञ्चालन भएपछि अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो अधिकारको बारेमा जानकारी प्राप्त गरी स्थानीयस्तरमा आफ्नो अधिकार खोजबिन गर्न थालेको बताएका थिए।

सहभागीहरुले स्थानीयतहमा निर्माण हुने बजेट तथा कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुका लागि कार्यक्रमहरु राख्न आफूहरुले दवाव दिने गरेको भन्दै विगतको तुलनामा अब धेरै सुधार भएको बताएका थिए। कार्यक्रममा सहभागी भएका अपाङ्गता भएका व्यक्ति विश्रु दासले जलवायु उत्थानशील सामुदायिक विकास परियोजनामार्फत जिविकोउर्पाजनका लागि लाइफ नेपालले उपलब्ध गराएको अनुदानले आफूहरुको जीवनमा आमुल परिवर्तन ल्याएको भन्दै यस प्रकारका कार्यक्रम स्थानीय सरकारमार्फत सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा सहभागी सलमा खातुनले जलवायु उत्थानशील सामुदायिक विकास परियोजनामार्फत आफूहरुलाई दिएको सीपले रोजगार सिर्जना भएको भन्दै यस प्रकारको परियोजनाको निरन्तरता हुनु पर्नेमा जोड दिनुभयो।

कार्यक्रममा सहभागी स्थानीय सरकार प्रमुखहरुले जलवायु उत्थानशील सामुदायिक विकास परियोजनाले अपाङ्गता भएका व्यक्तिहरुको जिवनमा सकारात्मक परिवर्तन ल्याउनुको साथै स्थानीय सरकारलाई समेत धेरै कुरा सिकाएको कारण अपाङ्गता भएका व्यक्तिको हितमा स्थानीय सरकारले आउने दिनमा विभिन्न किसिमका कामकाज गर्न लागेको बताउनुभयो।

जनकपुरधाम उपमहानगरपालिका नगर उपप्रमुख किशोरी साहले जनकपुरधाम उपमहानगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरुको सातसय कार्ड जारी गरी उनीहरुको लागि कार्यक्रम सञ्चालन गर्ने बताउनुभयो। मिथिला विहारी नगरपालिकाका नगर प्रमुख राजेन्द्रप्रसाद यादवले आफ्नो पालिकामा अपाङ्गता भएका व्यक्तिहरुका लागि आठ लाखको सामग्री वितरण गरेको बताउनुभयो।

लाइफ नेपालका अध्यक्ष सुरेत ठाकुरको अध्यक्षतामा भएको सो कार्यक्रममा औरही गाउँपालिकाका अध्यक्ष उमाशंकरप्रसाद साह, राष्ट्रिय अपाङ्ग महासंघ नेपालका मधेश प्रदेश अध्यक्ष किरण पासवानसहितका विभिन्न क्षेत्रका व्यक्तिहरुको सहभागिता रहेको थियो।

# सप्तरीमा फिर्ता हुँदै लुटिएको सामान

टक नेपाल

जेनजीको आन्दोलनमा जिल्लाको विभिन्न कार्यालयमा लुटिएको सामान फिर्ता हुने क्रम जारी छ। राजविराज नगरपालिकाको कार्यालय, जिल्ला प्रशासन कार्यालयमा, खड्क नगरपालिका, सप्तरी जिल्ला अदालत, डिभिजन वन कार्यालय लगायतले सूचना जारी गर्दै लुटिएको सामान फिर्ता दिन आग्रह गरेपछि केही सामान फिर्ता हुन लागेको हो।

लुटिएको सामान कुन कार्यालयको हो ? यकिन भए त्यहीं कार्यालयमा र नभए जिल्ला प्रशासन कार्यालयमा बुझाउन आग्रह गरेको अनुरूप बुझाउने क्रम जारी रहेको सप्तरीका जिल्ला अधिकारी टुवराज पोखेलले जानकारी दिनुभयो।

जिल्लामा आगलागी, तोडफोडमा लुटपाटमा अर्बौंको क्षति भएको बेला एकदमै न्यून सामान फिर्ता भएको र हुने क्रम जारी रहेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभएको, "लुटपाट जुन कार्यालयमा भएको हो। त्यही कार्यालयमा पुर्याउने र थाहा नभएको मात्र यस कार्यालयमा आउने भएकाले के-के र कति फिर्ता भयो अहिले भन्ने अवस्था नभए पनि जिल्लामा अर्बौं/ खर्बौंको क्षति भएको उहाँले बताउनुभयो।

गत भदौ २४ गते जेनजी प्रदर्शनका क्रममा विभिन्न सरकारी निकाय, प्रतिष्ठान तथा कार्यालयहरुमा तोडफोड, आगजनी जस्ता आपराधिक गतिविधिहरु भएको र सोही अवसर पारी केही व्यक्तिहरुले कार्यालयका जिन्सी सामान, नगद रकम लगायतका सार्वजनिक सम्पत्ति लुटपाट र चोरी गरी घरसम्म लगेका प्रमाणहरु सिसिटिभी फुटेज, टिकटक, फेसबुक लगायत अन्य सञ्चार माध्यममा समेत स्पष्ट देखिएकाले फिर्ता गरिदिनुहुन सम्बन्धित निकायले सूचना जारी गरेको थियो।

यसैबिच उच्च अदालत जनकपुर राजविराज इजलासका रजिस्ट्रार लोकनाथ पराजुलीले यस अदालतबाट लुटिएको मध्ये एउटा कुर्सी फिर्ता आएको बताउनुभयो। लुटपाट गरेको सामग्री सात दिनसम्म फिर्ता नगरे कानुन बमोजिम कारबाही हुने बताइएको छ।


## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन रोक्न समाजमा चेतना फलाउन जरूी छ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गराउनु पदछ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुरा सिकाउन जरूी छ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ।
- रोजगाीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गर्नुपछ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने।

औरही नगरपालिका, महोत्तरी, मधेश प्रदेश












बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्धारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014